


गाइडबुकको पृष्ठ 5 हेर्नुहोस्।
जाँच दिने विधिलाई मुख्यतया 2 भागमा वर्गीकरण गरिन्छ।
माध्यमिक विद्यालय पास गरेको व्यक्ति या पास हुने अपेक्षित व्यक्ति जो कसैलेपनि जाँच दिन सक्ने “साधारण भर्ना” र
विशेष सर्त पुरा गरेको व्यक्तिले मात्र जाँच दिन मिल्ने “विशेष भर्ना” गरी 2 प्रकार छन्।
अझै विशेष भर्नामा पनि, प्रान्त भित्र बस्ने विदेशी व्यक्तिहरूको विशेष भर्ना र विदेशबाट फर्केका विद्यार्थी विशेष भर्ना गरी 2 प्रकार छन्।

सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.5 • 6

# प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना

ABCD भनेको साधारण जाँचको दरखास्त दिन मिल्ने योग्यता

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना<br><br>(भर्ना गर्ने उच्च माध्यमिक विद्यालय<br>पूर्णकालीन 16 ओटा<br>निर्धारित समय प्रणाली 2ओटा<br>☞पृष्ठ 13) | **ABC** (निर्धारित समय प्रणालीको हकमा **ABD**) सहित, **E** र **F** भित्र पर्ने व्यक्ति<br>**E** देश प्रवेश पछिको बसोबास अवधि 2022 साल फेब्रुअरी 1 तारिखमा कुल 6 वर्ष भित्र पर्ने व्यक्ति (प्राथमिक विद्यालय प्रवेश अगाडिको बसोबास अवधि बाहेक)<br>**F** विदेशी नागरिकता भएको व्यक्ति, अथवा, जापानको नागरिकता लिएको 6 वर्ष भित्रको व्यक्ति (2022 साल फेब्रुअरी 1 तारिखमा) |

## आवश्यक कागजातहरु

| | |
|---|---|
| प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना | 1) 2) 3) 4) सहित<br>5) विदेशी नागरिकता भएको, अथवा, जापानको नागरिकता प्राप्त गरेको 6 वर्ष भित्र भएको प्रमाणित हुने कागजात<br>6) जापानमा प्रवेश गरेको कुल 6 वर्ष भित्र भएको प्रमाणित हुने कागजात (राहदानी आदि) |

गाइडबुक पृष्ठ 5 को "प्रान्त भित्र बस्ने विदेशी व्यक्तिहरूको विशेष भर्ना" को दरखास्त दिने योग्यता हो।
ABC सहित, अथवा ABD सहित, निम्न E र F दुवैमा मेल खाने व्यक्ति हुन्।
E भनेको जापान प्रवेश पश्चात्को बसोबास अवधि 2022 सालको फेब्रुअरी 1 तारिखमा कुल 6 वर्ष नबितेको व्यक्ति हो, तथापि, प्राथमिक विद्यालय भर्ना हुनु अघिको बसोबास अवधि भने बाहेक हुन्छ।
पासपोर्ट आदि, प्रमाण स्वरूपका कागजात आवश्यक पर्नेछ। पृष्ठ 6 मा लेखिएको छ।
F भनेको विदेशी नागरिकता भएको व्यक्ति, अथवा, जापानी नागरिकता प्राप्त गरेर 6 वर्ष नबितेको व्यक्ति
पासपोर्ट या राष्ट्रियता प्रमाणपत्र जस्ता कागजातहरू आवश्यक पर्नेछ। पृष्ठ 6 मा लेखिएको छ।
दरखास्त दिने योग्यता भए नभएको, राम्ररी थाहा नभएका व्यक्तिले माध्यमिक विद्यालयको शिक्षक या खानागावा प्रान्तीय शिक्षा परिषद्को व्यक्तिसँग अवश्य परामर्श गर्नुहोला।

## सार्वजानिक उच्च माध्यामिक विद्यालय भर्नाको लागि गाइडबुक ☞ p.13

(प्रान्त निवासी विदेशी आदिको विशेष भर्ना सञ्चालन गर्ने उच्च माध्यमिक विद्यालय) पूर्णकालीन 16 ओटा, निर्धारित समय प्रणाली 2 ओटा

| विद्यालयको नाम | प्रणाली | पाठ्यक्रम | अवस्थित ठाउँ | अघिल्लो आर्थिक वर्ष भर्ना निर्धारित व्यक्ति※ |
|---|---|---|---|---|
| प्रान्तीय चुरुमी सोउगोउ (समग्र) उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम समग्र पाठ्यक्रम | योकोहामा नगर चुरुमी कु | 20 |
| प्रान्तीय योकोहामा सेइर्योउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | योकोहामा नगर मिनमि कु | 13 |
| प्रान्तीय योकोहामा क्योकुर्योउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | योकोहामा नगर आसाहि कु | (नयाँ) |
| प्रान्तीय सिनएइ उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | योकोहामा नगर चुजुकि कु | (नयाँ) |
| प्रान्तीय खावासाकि उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | खावासाकि नगर खावासाकि कु | 12 |
| प्रान्तीय दाइसि उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | खावासाकि नगर खावासाकि कु | 10 |
| प्रान्तीय हासिमोतो उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | सागामीहारा नगर मिदोरी कु | 10 |
| प्रान्तीय सागामीहारा याएइ उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | सागामीहारा नगर च्युओ कु | 10 |
| प्रान्तीय ताकाहामा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | हिरात्सुका नगर | (नयाँ) |
| प्रान्तीय फुजिसावा सोउगोउ उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम समग्र पाठ्यक्रम | फुजिसावा नगर | (नयाँ) |
| प्रान्तीय यामातो मिनामि उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | यामातो नगर | 10 |
| प्रान्तीय इसेहारा उच्च मा.वि | पूर्णकालीन | सामान्य पाठ्यक्रम | इसेहारा नगर | 10 |
| प्रान्तीय जामा सोउगोउ (समग्र) उच्च मा.वि. | पूर्णकालीन | क्रेडिट सिस्टम समग्र पाठ्यक्रम | जामा नगर | 10 |
| प्रान्तीय आइकावा उच्च मा.वि. | पूर्णकालीन | सामान्य पाठ्यक्रम | आइको जिल्ला आइकावा शहर | 10 |
| प्रान्तीय योकोहामा मेइहोउ उच्च मा.वि | निर्धारित समय | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | योकोहामा नगर कोउनान कु | (नयाँ) |
| प्रान्तीय सागामी कोयोखान उच्च मा.वि. | निर्धारित समय | क्रेडिट सिस्टम सामान्य पाठ्यक्रम | जामा नगर | बिहानी समूह 10<br>दिवा समूह 10 |
| योकोहामा नगर स्थापित मिनातो सोउगोउ (समग्र) उच्च मा.वि | पूर्णकालीन | क्रेडिट सिस्टम समग्र पाठ्यक्रम | योकोहामा नगर नाका कु | 6 |
| योकोहामा नगर स्थापित योकोहामा स्योग्यो (वाणिज्य) उच्च मा.वि. | पूर्णकालीन | अन्तराष्ट्रिय पाठ्यक्रम | योकोहामा नगर मिनामी कु | 4 |

प्रान्तभित्र बस्ने विदेशीहरूको विशेष भर्ना गर्ने उच्च माध्यमिक विद्यालय बारे गाइडबुकको पृष्ठ 13 मा लेखिएको छ।

भर्ना माग गरिएको कोटा सङ्ख्या गत आर्थिक वर्षको डाटा हो। यस आर्थिक वर्षको डाटा अक्टोबर मसान्तमा घोषणा गरिनेछ।